# सिंचाइ नीति, २०७०

## १.१ पृष्ठभूमि

नेपालमा स्थानीय प्रविधिमा आधारित सिंचाइको इतिहास निकै पुरानो छ । परम्परागत किसान व्यवस्थित सिंचाइ प्रणालीहरु विश्वस्तरमा नै उदाहरणीय मानिन्छन् । परापूर्वकालदेखि नै नेपाली किसानहरुले स्थानीय प्रविधिको उपयोग गर्दै खोला नदीमा बाँध निर्माण गरी कुलोको माध्यमद्वारा खेतबारीमा पानी पुऱ्याइ सिंचाइ गर्दै आएका छन् । सरकारीस्तरमा बि.स. १९८५ मा चन्द्र नहरको निर्माण गरी देशमा नै पहिलो आधुनिक सिंचाइ प्रणालीको शुरुवात गरिएको थियो । वि.स. २०१३ साल पछि योजनावद्ध विकासको थालनी पश्चात् नेपाल सरकारले यस क्षेत्रमा प्रशस्त लगानी गर्नुको साथै समयानुकूल नीति, योजना तथा कार्यक्रम लागू गर्दै आएको छ । बि.स. २०४६ पछि सरकारद्वारा विभिन्न समयमा जलस्रोत ऐन, २०४९, सिंचाइ नीति-२०४९, यसमा प्रथम संशोधन, २०५३, सिंचाइ नीति-२०६०, सिंचाइ नियमावली, २०५६, यसमा पहिलो संशोधन, २०६० जारी हुंदै आएको छ । विगतका यस्ता प्रयास कै फलस्वरुप देशमा उपलब्ध सिंचाइसम्बन्धी प्रविधि, भौतिक संरचना, जनशक्ति र सरकारी तथा गैरसरकारी संस्थागत क्षमतामा उल्लेखनीय अभिवृद्धि भएको छ । यसरी सिंचाइ क्षेत्रको विकास तथा व्यवस्थापनको कार्यलाइ अग्रगति प्रदान गर्न परिमार्जित तथा गतिशील सिंचाइ नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आजको आवश्यकता हो । तसर्थ राष्ट्रिय जलस्रोत रणनीति तथा राष्ट्रिय जल योजनाले सिंचाइ क्षेत्रमा लक्षित गरेका उद्देश्य समेत समेटेर सिंचाइ नीति-२०७० जारी गरिएको छ ।

## १.२ दीर्घकालीन दृष्टिकोण

मुलुकका सम्पूर्ण कृषियोग्य भूमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी बर्षैभरि दिगो एवं भरपर्दो सिंचाइ सुविधा पुऱ्याउने यस नीतिको दृष्टिकोण (Vision) रहेको छ ।

## १.३ अवधारणा

यो सिंचाइ नीति देहाय बमोजिमको अबधारणामा आधारित छ :

- बर्षैभरि सिंचाइ सेवा उपलब्ध गराउनका लागि बहुउद्धेश्यीय लगायत सतह सिंचाइ, भूमिगत जल सिंचाइ, नयाँ प्रविधिमा आधारित सिंचाइ, लिफ्ट सिंचाइ प्रणालीको बिस्तार, प्रवर्द्धन तथा विकास गर्ने ।
- विगतमा विकास गरिएका सिंचाइ संरचनाहरुबाट बर्षैभरि सिंचाइ सुविधा उपलब्ध गराउनका लागि संभाव्यताका आधारमा अन्तर-जलाधार जल स्थानान्तरण (Inter Basin Water Transfer) हुने आयोजना, जलाशययुक्त (Reservoir Based) आयोजनाको निर्माण गर्ने तथा स्थानीय स्तरमा उपलब्ध सतह तथा भूमिगत जलस्रोतको संयोजनात्मक (Conjunctive Use) उपयोग गर्ने ।
- सिंचाइ प्रणालीको विकास एवं व्यवस्थापनमा जनसहभागितामूलक पद्धतिलाई प्रभावकारी रुपमा लागू गर्न उपभोक्ता संस्थालाई जिम्मेवार र उत्तरदायी तुल्याउने ।
- सिंचाइ क्षेत्रको प्रभावकारीता बृद्धि गर्न संस्थागत सुदृढीकरण तथा जनशक्तिको विकास र परिचालन गर्ने ।
- जनसंख्या वृद्धि, आप्रवासन, जलवायु परिवर्तन तथा जलजन्य प्रकोपका कारण पानीका स्रोत तथा तिनको सिंचाइजन्य उपयोगमा परेको प्रतिकूल प्रभावको अध्ययन गरी अनुकूलनसम्बन्धी कार्यक्रमहरु संचालन गर्ने ।

- विकेन्द्रीकरणको अवधारणा अनुरुप साना सिंचाइको विकास र व्यवस्थापनमा स्थानीय निकायको क्षमता र संलग्नता बृद्धि गर्ने ।

## १.४ उद्देश्य

सिंचाइ नीतिको उद्देश्य देहाय बमोजिम हुनेछन्:

१.४.१ कृषिमा उत्पादकत्व अभिवृद्धि गर्न टेवा पुऱ्याउनका लागि मुलुकमा उपलब्ध जलस्रोतको अधिकतम उपयोग गरी सिंचाइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्ने ।

१.४.२ सिंचाइ संरचनाहरुको उचित मर्मत संभार, प्रभावकारी जल व्यवस्थापन, आधुनिकीकरण गर्ने तथा नयाँ सिंचाइ योजनाहरुको निर्माण गरी वर्षैभरी भरपर्दो सिंचाइ सेवा पुऱ्याउने ।

१.४.३ सिंचाइका लागि सतह तथा भूमिगत जलस्रोतलाई संयोजनात्मक रुपमा उपयोग गर्ने ।

१.४.४ संभाव्यताका आधारमा मुलुकका सबै क्षेत्रमा सिंचाइको संतुलित र सामन्जस्ययुक्त विकास गर्ने ।

१.४.५ बहुउद्देश्यीय जलाशय एवं अन्तर जलाधार जलस्थानान्तरण योजना लगायत सिंचाइसम्बन्धी प्रविधिको विकास तथा कार्यान्वयन गर्न सक्षम हुने गरी संगठनात्मक सुधार तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने ।

## १.५ नीति

सिंचाइ नीतिको उद्देश्य प्राप्तिका लागि देहायका नीति अवलम्बन गरिनेछ ।

१.५.१ सिंचाइ क्षेत्रको विकास तथा बिस्तारसम्बन्धी चुनौतीहरुलाइ सम्बोधन गर्न नदी जलाधार क्षेत्रको एकीकृत विकास तथा व्यवस्थापनसमेत हुने गरी राष्ट्रियस्तर तथा जिल्लास्तरमा सिंचाइ गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

१.५.२ नेपाल सरकारले सिंचाइ सुविधा प्राप्त क्षेत्रलाई सिंचित क्षेत्र घोषणा गर्नेछ । घोषित सिंचित क्षेत्रभित्रको जग्गा गैरकृषि प्रयोजनका लागि उपयोग गर्नुपूर्व आवश्यकता अनुसार नेपाल सरकारको अनुमति अनिवार्य रुपमा लिनु पर्ने व्यवस्था गरिनेछ ।

१.५.३ सिंचाइ सुविधा प्राप्त क्षेत्रमा कृषि उत्पादन वढाउनको लागि सरोकारवाला सरकारी/गैरसरकारी निकाय एवं स्थानीय निकायसँग आवश्यक सहकार्य र साझेदारी गरिनेछ ।

१.५.४ भौगोलिक र धरातलीय भिन्नताको आधारमा विविध प्रकृतिको सिंचाइ प्रविधि, संरचना र स्रोतको आवश्यकता र महत्वलाई उचित तवरले दृष्टिगत गरी तिनीहरु सबैको उच्चतम उपयोग गरिनेछ । साथै यस क्षेत्रमा थप अध्ययन र अनुसन्धानको कार्यलाई पनि जोड दिइनेछ ।

१.५.५ सिंचाइसम्वन्धी आयोजना तर्जुमा गर्दा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तलाई अवलम्वन गरिनेछ ।

१.५.६ मौसमी वर्षाको पुरक (Supplementary) को रुपमा विकसित सिंचाइ प्रणालीलाई वर्षैभरि सिंचाइ (Year-round Irrigation) सुविधा पुऱ्याउन जलाशय निर्माण, वर्षाको पानी संचय गर्ने पद्धतिको अवलम्बन र भूमिगत जलस्रोतको विकास, संरक्षण, सम्बर्द्धन र उपयोग गरिनेछ ।

१.५.७ सिंचित क्षेत्रमा जम्मा हुने पानी को समुचित निकास (Drainage) को व्यवस्था गरिनेछ ।

१.५.८ बहुउद्देश्यीय जलाशययुक्त (Reservoir-based) तथा अन्तर जलाधार जलस्थानान्तरण (Inter-basin Water Transfer) प्रकृतिका जलस्रोत आयोजनाहरु प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

१.५.९ राष्ट्रिय महत्वका जलस्रोत आयोजनाहरु आन्तरिक तथा वाह्य स्रोत परिचालन गरी निर्माण गरिनेछन् ।

१.५.१० उपलब्ध भूमिगत जल भण्डारलाई सिंचाइको महत्वपूर्ण स्रोतको रुपमा विकास र उपयोग गरी आवश्यक संरक्षण, सम्वर्द्धन र गुणस्तर नियन्त्रणको व्यवस्था गरिनेछ । सो का लागि जलस्रोत रणनीति र राष्ट्रिय जल योजनाले तय गरे बमोजिमको संगठनात्मक सुधार गरिनेछ ।

१.५.११ सिंचाइसम्बन्धी सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गरिनेछ ।

१.५.१२ सिंचाइ प्रणालीहरुको निर्माण, संचालन तथा व्यवस्थापनमा निजी क्षेत्र, सहकारी तथा समुदायमा आधारित संगठनलाई सहभागी गराइनेछ ।

१.५.१३ सिचाइ आयोजनाको तर्जुमा, निर्माण तथा स्थानीयस्तरका साना सिंचाइ आयोजना प्रणालीहरुको विकास तथा व्यवस्थापनमा स्थानीय निकाय र उपभोक्ता संस्थाको प्रभावकारी संलग्नता बढाउन जोड दिइनेछ ।

१.५.१४ सिंचाइ आयोजनासम्बन्धी सूचना समयमै प्रभावकारी रुपमा प्रवाह गरी आयोजनाका बारेमा स्थानीय निकाय, उपभोक्ता संस्था र जनसमुदायको सहभागिता बृद्धि गरिनेछ ।

१.५.१५ सिंचाइ क्षेत्रमा लैङ्गिक समानता, सकारात्मक विभेद तथा सामाजिक समावेशीकरण सुनिश्चित गरिनेछ ।

१.५.१६ सिंचाइ क्षेत्रको विकासबाट गरिवी न्यूनीकरण गर्न जोड दिइनेछ ।

१.५.१७ सिंचाइ क्षेत्रमा अनुसन्धान तथा विकास क्षमता अभिवृद्धि गरिनेछ ।

१.५.१८ जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न जलवायु जोखिम व्यवस्थापन एवं प्रकोप जोखिम व्यवस्थापनसम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुका साथै अनुकूलन र अल्पीकरण (Adaptation and Mitigation) मा पनि जोड दिइनेछ ।

१.५.१९ सिंचाइसँग संवन्धित अन्तराष्ट्रिय सन्धि सम्झौता तथा मापदण्डको पालना गर्न विद्यमान कानूनी एवं संस्थागत व्यबस्थामा सुधार गरिनेछ ।

१.५.२० यस नीतिमा उल्लेखित उद्देश्य हासिल गर्न आवश्यकतानुसार कानूनी र संस्थागत सुधार गरिनेछ ।

## १.६ कार्यनीति

### *(क) आयोजना पहिचान, अध्ययन तथा छनौट*

१.६.१ सिंचाइ आयोजनाको विकास र निर्माण गर्दा प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरणीय पक्षको अध्ययन गरी निर्दिष्ट मापदण्डका आधारमा पहिचान तथा छनौट गरिनेछ ।

१.६.२ सामाजिक न्याय, सन्तुलित विकास, वातावरणीय सन्तुलन, बाली विविधीकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिफल दिने कुरालाई ध्यानमा राखी सिंचाइ आयोजनाको छनौट गरिनेछ । यसका साथै सिंचाइको लागि बर्षैभरि पानी उपलब्ध गराउन सक्षम हुने गरी भूमिगत र सतह जलस्रोतको संयोजनात्मक उपयोग (Conjunctive Use) का संभाव्यतालाई समेत आयोजना छनौटको आधारका रुपमा लिइने छ । यसरी आयोजना छनौट गर्दा आवश्यकता अनुसार सरोकारवाला निकाय तथा स्थानीय निकायसँग समन्वय गरिनेछ ।

१.६.३ सिंचाइसम्बन्धी गुरुयोजना र राष्ट्रिय जलस्रोत रणनीतिअनुरुप एक जलाधार क्षेत्रको पानी अर्को जलाधार क्षेत्रमा प्रयोग गर्न आयोजनाको सम्भावनालाई समेत मध्यनजर राखी हरेक जलाधार क्षेत्रभित्र बहुउद्देश्यीय लाभ प्राप्त हुने प्रकृतिका आयोजनाको अध्यावधिक सूची तयार गर्नुका साथै तिनको प्राथमिकताक्रमका आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।

१.६.४ स्थानीय निकाय र उपभोक्ता संस्थाको सक्रिय संलग्नतामा जलाधार क्षेत्रभित्र रहेका तथा सम्भाव्य प्रणालीको विस्तृत आधारभूत तथ्याङ्क तयार पारी स्थानीयस्तरमा आवधिक योजना बनाइनेछ ।

१.६.५ एकीकृत जलाधार व्यवस्थापनको अवधारणाअनुरुप आयोजना छनौट गर्ने प्रक्रियालाई संस्थागत गर्दै लैजान स्थानीय निकाय, जल उपभोक्ता संस्थातथा स्थानीय समुदायसमेतको सहयोगमा ठूला तथा मझौला आयोजनाको अध्ययन गरी कार्यान्वयन गरिनेछ ।

१.६.६ भौगोलिकताको आधारमा उपयुक्त सिंचाई आयोजनालाई प्राथमिकता दिइनेछ ।

१.६.७ सिंचाई क्षेत्रको विकास, विस्तार तथा लगानीमा भौगोलिक तथा क्षेत्रीय समानता र सन्तुलन कायम गर्न उचित ध्यान दिइने छ ।

१.६.८ सूचना, शिक्षा र संचारका विधिको माध्यमबाट उपभोक्तालाई आयोजना छनौटकै चरणदेखि प्रत्यक्ष सहभागी गराइनेछ ।

### *(ख) आयोजना कार्यान्वयन कार्यविधि*

१.६.९ सिंचाइ वा अन्य कृषिजन्य प्रयोजनको लागि पानीको व्यापारिक उपयोग गर्दा पानीको स्रोत वा सिंचाइको सार्वजनिक संरचना वा दुवैको उपयोग गर्ने संघ संस्था वा व्यक्तिले प्रचलित कानून बमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।

१.६.१० सिंचाइ प्रणालीको पानी माथिको अग्राधिकारको (Prior Water Rights) प्रत्याभूति गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

१.६.११ जलाधार क्षेत्रबीचको अन्तरसम्बन्धको आधारमा सिंचाइको विकास गर्दा आयोजनाको एकीकृत कार्यान्वयन प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

१.६.१२ यस नीति अनुसार कार्यसम्पादन गर्दा सिंचाइ कार्यक्रममा अपनाइएको कार्यविधि (Standard Operating Procedures/Guidelines) लाई अद्यावधिक गरी अबलम्बन गरिनेछ ।

१.६.१३ सिंचाइको विकास, विस्तार र व्यवस्थापन कार्यमा संलग्न सरकारी र दातृ संस्थाहरुको कार्यान्वयन पद्धति र प्रक्रियामा एकरुपता ल्याइनेछ । साथै कृषक समूहवाट आफ्नै प्रयासमा वनाइएका सिचाई संरचनालाई थप सुदृढ वनाइनेछ ।

## *(ग) उपभोक्ता संस्था*

१.६.१४ आयोजना/प्रणालीका उपभोक्तालाई कुलो देखि मूलनहर सम्मको विभिन्न तहमा संगठित गराइनेछ । यस प्रकार संगठित उपभोक्ताहरुलाई आयोजना/प्रणाली कार्यान्वियन र व्यवस्थापनका क्रियाकलापमा सहभागी गराइनेछ ।

१.६.१५ प्रणाली र सो को व्यवस्थापन उपभोक्ता संस्थालाई हस्तान्तरण गर्ने कार्य बढी प्रभावकारी बनाउन भौतिक निर्माणका कामको शुरुमा नै उपभोक्ता संस्थाको गठन र तिनको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१.६.१६ उपभोक्ता संस्था गठन गर्दा महिलाको सहभागिता कम्तीमा ३३ (तेत्तीस) प्रतिशत हुने गरी दलित, उत्पीडित र पिछडिएका जनजाति समुदायको समेत उचित प्रतिनिधित्व रहने व्यवस्था मिलाइनेछ ।

१.६.१७ नीति निर्माण तथा कार्यान्वयनका विभिन्न तहमा उपभोक्ता संस्थाको पारदर्शी र उत्तरदायित्वपूर्ण सहभागिता गराई देशमा दिगो सिंचाइ विकास गर्न उपभोक्ता संस्थालाई एकीकृत जलाधारस्तर तथा राष्ट्रियस्तरमा संगठित गराइनेछ ।

१.६.१८ उपभोक्ता संस्थाद्वारा निर्मित/संचालित प्रणालीहरु र किसानद्वारा संचालित परम्परागत सिंचाइ प्रणालीहरुको मर्मत, नवीकरण र सुधारको कार्यका लागि माग भई आएमा माग अनुसारको कार्य जनसहभागिता परिचालन गरी गरिनेछ । यस्ता प्रणालीको व्यवस्थापन दिगो गराउन उपभोक्ता संस्थालाई सक्षम र जिम्मेवार बनाइनेछ ।

१.६.१९ उपभोक्ता संस्थाद्वारा निर्माण कार्य गराउँदा प्रचलित कानूनको परिधिभित्र रही तयार गरिने कार्यविधिको पालना हुने गरी गराइने छ ।

१.६.२० जल उपभोक्ता संस्थाहरुलाई प्रचलित कानून अनुसार दर्ता एवं नवीकरण गर्ने व्यवस्था गरिनेछ ।

## *(घ) स्रोत परिचालन तथा जनसहभागिता*

१.६.२१ आयोजना कार्यान्वयनका हरेक चरणमा उपभोक्ता संस्थाको प्रत्यक्ष सहभागिता र लगानीमा जोड दिदै सरकारी निकायद्वारा सञ्चालित आयोजना/प्रणालीको मर्मत र संचालनको जिम्मेवारी क्रमिक रुपमा उपभोक्ता संस्थालाई हस्तान्तरण गरिनेछ ।

१.६.२२ कुलो, कुलेसो तथा ट्यूबवेललाई आवश्यक पर्ने जग्गा सम्बन्धित उपभोक्ताले उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नुपर्नेछ । यसरी हस्तान्तरित जग्गाको प्रचलित दर बमोजिमको मूल्य कायम गरी उपभोक्ताले कुलो तथा कुलेसो निर्माणमा व्यहोर्न पर्ने रकममा समायोजन गरिनेछ । आफ्नो जग्गा पर्ने तर सिंचाइ सुविधा नपाउने कृषकलाई प्रचलित दर बमोजिम हुन आउने जग्गाको मूल्य बराबरको रकम उपभोक्ता संस्थाले संकलित रकमबाटै भुक्तानी

गर्नेछ । तर सार्वजनिक जग्गामा निर्माण हुने कुलो तथा कुलेसाको हकमा त्यस्तो जग्गाको मूल्य समायोजन गरिने छैन ।

१.६.२३ हस्तान्तरित जग्गाको मालपोत मिनाहा र लगत कट्टाका लागि आयोजना/प्रणाली सम्बन्धित कार्यालयले कारवाही चलाउनेछ ।

१.६.२४ आयोजना निर्माणको लागत अनुमानमा नेपाल सरकार तथा उपभोक्ताले व्यहोर्ने लगानीको अंश अनुसूची -१ बमोजिम गणना गरी प्रत्येक आयोजनाले आफ्नो प्रतिवेदन (Project Appraisal) मा उल्लेख गर्नुपर्नेछ र सो अनुसार उपभोक्ता संस्थाले व्यहोर्ने अंश अनिवार्य रुपमा व्यहोर्नु पर्नेछ ।

१.६.२५ मझौला तथा साना आयोजनाको पहिचान, सर्वेक्षण, डिजाइन, इष्टिमेट तथा निर्माणका लागि आवश्यकतानुसार उपभोक्ता संस्थाका साथै स्थानीय निकाय, सरकारी, गैरसरकारी एवं स्थानीय सामुदायिक संस्थाको पनि सहयोग जुटाइनेछ ।

१.६.२६ सिंचाइको विकास, बिस्तार र उपयोगमा प्रयोग हुने सरकारी स्वामित्वमा रहेका ठूला र भारी उपकरण (हेभी इक्विपमेन्ट) को सेवा सःशुल्क उपलब्ध गराउनुका साथै यस्ता सेवा केन्द्रको विकास र विस्तारमा जल उपभोक्ता संस्था लगायत निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गरिनेछ ।

१.६.२७ आयोजना निर्माणमा स्थानीय रुपमा आइपर्ने वाधा अड्चन फुकाउने दायित्व उपभोक्ता संस्थाको हुनेछ । सिंचाइसंग सम्बन्धित निकायले यस कार्यमा उपभोक्ता संस्थालाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

१.६.२८ सिंचाइ आयोजनाकै स्वामित्वमा रहेका जग्गा तथा अन्य स्रोतबाट सम्भाव्य आय वृद्धि गर्ने र त्यस्ता स्रोतबाट प्राप्त आय, आयोजना र सम्बन्धित जल उपभोक्ता संस्था मार्फत सिंचाई प्रणालीको मर्मत संभारको लागि प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१.६.२९ सिंचाइ विकासमा विदेशी तथा स्वदेशी निजी लगानीकर्तालाई आकर्षित गरिनेछ । यससम्बन्धी व्यवस्था नेपाल सरकारको सार्वजनिक पूर्वाधार संरचना निर्माण, संचालन तथा हस्तान्तरण (BOT) सम्बन्धी ऐन, २०६३ तथा प्रचलित अन्य कानून बमोजिम हुनेछ ।

## *(ङ) प्रणाली व्यवस्थापन*

१.६.३० व्यवस्थापन प्रयोजनका लागि प्रणालीलाई निम्नानुसार वर्गीकरण गरिएको छः–

(क) उपभोक्ताद्वारा संचालित :

(अ) परम्परागत सिंचाइ प्रणाली

(आ) सरकारी वा गैरसरकारी निकायद्वारा उपभोक्ता संस्थालाई हस्तान्तरित प्रणाली

(ख) नेपाल सरकारद्वारा सञ्चालित प्रणाली

(ग) नेपाल सरकार र उपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनमा सञ्चालित प्रणाली

(घ) स्थानीय निकाय र उपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनमा संचालित प्रणाली

(ङ) निजीस्तरमा संचालित प्रणाली

१.६.३१ उपभोक्ताको माग अनुसार पुनर्निर्माण/सुधार गरिएका र उपभोक्ताद्वारा संचालित प्रणालीको सिंचाइ व्यवस्थापन संबन्धित जल उपभोक्ता संस्थाले गर्नेछ ।

१.६.३२ नेपाल सरकारद्वारा सञ्चालित ठूला तथा बृहत सिंचाइ प्रणालीमा कुलेसो देखि प्रशाखा नहरसम्मको सिंचाइ संरचनाको मर्मत सम्भार तथा सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी उपभोक्ता संस्थाको हुनेछ । उपशाखा र शाखा नहरको सिंचाइ संरचना उपभोक्ता संस्थाको सहभागितामा नेपाल सरकारले मर्मत सम्भार तथा सञ्चालन गर्नेछ । सो भन्दा माथिका संपूर्ण सिंचाइ संरचनाको मर्मत संभार नेपाल सरकारले गर्नेछ । तर हस्तान्तरित सिंचाइ प्रणालीहरुको हकमा मर्मत संभार तथा संचालन कार्य हस्तान्तरणसंबन्धी व्यवस्था संभ्फौतामा उल्लेख भए अनुसार हुनेछ ।

१.६.३३ कुनै पनि सिंचाइ प्रणालीको पूर्ण व्यवस्थापन हस्तान्तरण मूल उपभोक्ता संस्थालाई गरिनेछ । आंशिक रुपमा हस्तान्तरण गर्दा कुलो तह देखिका उपभोक्ता समितिलाई छुट्टा छुट्टै रुपमा पनि गर्न सकिनेछ ।

१.६.३४ साना तथा मभ्फौला सिंचाइ योजना/प्रणालीहरुको निर्माण वा सुदृढीकरण पश्चात ती सिंचाइ प्रणालीको व्यवस्थापनको जिम्मा संबन्धित जल उपभोक्ता संस्थाकै हुनेछ ।

१.६.३५ कुनै मभ्फौला प्रणालीमा अन्तर्निहित प्राविधिक वा अन्य जटिलताको कारण उपभोक्ता संस्थाले पूर्ण जिम्मेवारी निर्वाह गर्न सम्भव नदेखिएका प्रणालीलाई योजना सम्पन्न भएको निश्चित समयको लागि उपभोक्ता संस्था र सिंचाइ विभागले संयुक्त रुपमा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१.६.३६ आयोजना कार्यान्वयनको शुरु देखि नै हस्तान्तरणका लागि गर्नु पर्ने पूर्व तयारीको रुपमा उपभोक्ता संस्थाको संस्थागत विकास र उनीहरुको आर्थिक क्षमता वृद्धि गर्दै लगी निर्माण सम्पन्न भएका प्रणाली उपभोक्ता संस्थालाई हस्तान्तरण गरिनेछ ।

१.६.३७ संयुक्त व्यवस्थापनमा रहेको वा नेपाल सरकारद्वारा संचालित प्रणाली भित्रका विभिन्न तहका नहर तथा कुलोको आंशिक वा पूर्ण रुपमा मर्मत, संभार तथा संचालनको जिम्मेवारी आयोजना र संबन्धित जल उपभोक्ताको समन्वयमा कुनै व्यक्ति वा गैरसरकारी संस्थालाई प्रतिस्पर्धाको आधारमा कबुलियत गरी दिन सकिनेछ ।

१.६.३८ नेपाल सरकारद्वारा निर्माण गरिएका र हाल नेपाल सरकार वा उपभोक्ता संस्था वा संयुक्त व्यवस्थापनमा संचालित मभ्फौला तथा ठूला प्रणालीमा नेपाल सरकारको तर्फबाट गरिदै आएको नियमित व्यवस्थापनको जिम्मेवारी उक्त प्रणालीको सम्पत्ति व्यवस्थापन योजना (Asset Management Plan) बनाएर जल उपभोक्ता संस्थासँग संभ्फौता गरी क्रमिक रुपमा हस्तान्तरण गरिनेछ । यस्तो हस्तान्तरणसम्बन्धी कार्य जल उपभोक्ता संस्थाको प्राविधिक क्षमता, प्रणालीको दिगो व्यवस्थापनका लागि स्रोतको व्यवस्था र मागको आधारमा गरिनेछ ।

१.६.३९ बहुउद्देश्यीय योजनाको निर्माण र व्यवस्थापनमा सिंचाइ, विद्युत र खानेपानी लगायत अन्य उपयोगको समानुपातिक लगानी र प्रतिफलको आधारमा संचालन गर्ने व्यवस्था गरिने छ ।

१.६.४० एक जलाधार वा उपजलाधार क्षेत्र भित्रको सम्पूर्ण सिंचाइयोग्य भूमिलाई आवश्यक पानी छुट्टाएर मात्र अर्को जलाधार या उपजलाधार क्षेत्रमा सिंचाइ प्रयोजनका लागि पानी लैजान पाउने व्यवस्था गरिनेछ ।

१.६.४१ विद्यमान सिंचाइ संरचना र घोषित सिंचित क्षेत्र संरक्षणसम्बन्धी कार्य व्यवस्थित गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

### (च) *सिंचाइ सेवा शुल्क र आयस्रोतका अन्य उपाय*

१.६.४२ नेपाल सरकारले सिंचाइ सुविधा उपलब्ध भएको जग्गाको उत्पादकत्व र वित्तीय मूल्यांकनसमेतलाई विचार गरी सिंचाई प्रणालीको संचालन तथा मर्मत संभारका लागि जल उपभोक्ता समेतको सहभागितामा सिंचाई सेवा शुल्क उठाउने व्यवस्था गर्नेछ । यससंबन्धी व्यवस्थाका लागि नेपाल सरकारले उपयुक्त कानुनी व्यवस्था गर्नेछ ।

१.६.४३ ठूला तथा बहुउद्देश्यीय आयोजना कार्यान्वयन गर्न आवश्यक स्रोत जुटाउन सिंचाइ विभागले सर्वसाधारण, स्थानीय उपभोक्ता तथा बैंक एवं वित्तिय संस्थाहरुलाई कानूनी व्यवस्थाका आधारमा सेयर जारी गर्न सक्नेछ ।

१.६.४४ बहुउद्देश्यीय आयोजनाबाट हुने आम्दानीलाइ सिंचाइको कोषमा जम्मा गर्ने व्यवस्था मिलाइनेछ । यसका लागि कार्यविधि बनाई सञ्चालनको व्यवस्था गरिनेछ ।

### (छ) *मर्मत संभार र प्रणाली सञ्चालन*

१.६.४५ आयोजनाको निर्माण, विस्तार, नवीकरण एवं सुधार गर्दा सिंचित क्षेत्रको आधारमा समानुपातिक हिसाबले पानी वितरण गरिनेछ ।

१.६.४६ हस्तान्तरित सिंचाइ प्रणालीको मर्मत, संभार सञ्चालन गर्ने दायित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ ।

१.६.४७ निर्माण सम्पन्न भएका सबै सिंचाइ प्रणालीहरुमा एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम जस्ता उत्पादन बृद्धि गर्ने कार्यक्रमहरुलाइ प्राथमिकताका साथ संचालन गरिनेछ ।

१.६.४८ परम्परागत रुपमा निर्माण भइ संचालनमा रहेका कृषक कुलोहरुको मर्मत संभारको लागि सहयोग माग भैआएमा आवश्यकता हेरी आर्थिक अनुदान तथा प्राविधिक सहयोग उपलव्ध गराउने नीति अवलम्वन गरिनेछ ।

१.६.४९ प्राविधिक समस्याको गाम्भीर्यतालाई दृष्टिगत गरी कुनै मर्मत संभारको कार्यमा परामर्श सेवाको लागि माग भैआएमा सिंचाइ विभागले त्यस्तो सेवा उपलब्ध गराउन सक्नेछ ।

१.६.५० अप्रत्यासित रुपले कुनै प्रणालीमा ठूलो हानी नोक्सानी हुन गई उपभोक्ताको काबुबाहिरको परिस्थिति हुन आएमा नेपाल सरकारले त्यस्ता प्रणालीको पुनर्स्थापनाको हदसम्म राहत सहयोग उपलब्ध गराउनेछ ।

१.६.५१ संयुक्त व्यवस्थापनमा रहेका प्रणालीको मर्मत संभारको काम संझौता अनुरुप गरिनेछ ।

### (ज) *व्यक्ति, समूह वा गैरसरकारी संघ/संस्था*

१.६.५२ निजी क्षेत्रको लगानीबाट आयोजना निर्माण तथा संचालन गर्ने संस्था वा व्यक्तिले अनुमतिपत्रको माध्यमबाट त्यस्तो आयोजनाको विकास गरी सःशुल्क सेवा उपलब्ध गराउन सक्नेछ ।

१.६.५३ परम्परागत रुपमा स्थानीय कृषकद्वारा संचालित प्रणालीलाई नेपाल सरकारले संचालनको पूर्ण स्वतन्त्रताको प्रत्याभूति दिनेछ ।

### *(झ)* *जवाफदेही र जिम्मेवारी*

१.६.५४ आयोजनाको निर्माण, संचालन वा व्यवस्थापन सम्बन्धमा पारदर्शिता अपनाई सिंचाइ विभाग र उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार स्पष्ट हुने गरी औपचारिक रुपमा संझौता भएपछि सो को आधारमा नेपाल सरकारले आयोजनामा लगानी गर्नेछ ।

१.६.५५ संझौताअनुरुप नेपाल सरकारले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको कारणबाट उपभोक्तालाई नोक्सान पर्न गएमा उपभोक्ता संस्थाले सम्झौताअनुरुप नेपाल सरकारसमक्ष उचित क्षतिपूर्तिको माग गर्न सक्नेछ ।

१.६.५६ उपभोक्ता संस्थाले संझौताअनुरुप गर्नुपर्ने काम संझौतामा उल्लेखित समयमा पूरा नगरेमा नेपाल सरकारले लगानी स्थगित गरी उपभोक्ता संस्थाले जम्मा गरेको रकम समेत रोक्का गर्न सक्नेछ र रकम रोक्का भएको निर्णयको सूचना उपभोक्ता संस्थालाइ अविलम्व दिइनेछ ।

१.६.५७ यस नीति अन्तर्गत प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिकोणले उपयुक्त ठहरिएका बृहत, ठूला तथा मझौला सिंचाइ आयोजनाको विकास गर्ने जिम्मेवारी सिंचाइ विभागको हुनेछ । साना सिंचाइ आयोजनाको विकास र निर्माण प्रचलित कानून बमोजिम स्थानीय निकायद्वारा कार्यान्वयन हुनेछ । तर भूमिगत जल सिंचाइ, लिफ्ट सिंचाइ तथा नयाँ प्रविधि (Non-Conventional) सिंचाइ आयोजनाहरु साना सिंचाइ भए पनि सिंचाइ विभागले कार्यान्वयन तथा संचालन गर्नेछ ।

१.६.५८ विभिन्न निकायद्वारा सिंचाइको विकास निर्माण गरे/गराएता पनि त्यसको संपूर्ण सूचना तथा अभिलेख संबन्धित निकायले सिंचाइ विभागलाइ उपलब्ध गराउनु पर्नेछ र सिंचाइ विभागले सिंचाइसम्बन्धी सम्पूर्ण सूचनाको समन्वय र संयोजन गर्नेछ । साथै सिंचाई विभागले सिचाइसम्बन्धी विवरण कृषि विभाग तथा स्थानीय निकायलगायत अन्य सम्बन्धित निकायलाईसमेत उपलब्ध गराउनेछ ।

### *(ञ)* *वातावरण संरक्षण एवं जल गुणस्तर व्यवस्थापन*

१.६.५९ आयोजना/प्रणाली निर्माणबाट पर्न सक्ने वातावरणीय नकारात्मक प्रभाव न्यून हुने गरी आयोजना/प्रणाली सम्पन्न गरिनेछ । यसका लागि सरकारी, गैरसरकारी र स्थानीयस्तरमा आवश्यक सक्षमता र जनचेतना अभिवृद्धि गरिनेछ ।

१.६.६० आयोजनाबाट वातावरणमा पर्न सक्ने नकारात्मक असरका सम्बन्धमा सार्वजनिक सुनुवाइ (Public Hearing) तथा सामाजिक परीक्षण (Social Auditing) लाई मुख्य आधार बनाई प्रचलित कानूनको अधिनमा रही आवश्यकतानुसार वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरण परीक्षण गरिनेछ । वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरण परीक्षणले सिफारिस गरेका प्रमुख सुझावहरुलाइ योजना निर्माण कार्यसँग आवद्ध गरी संचालन गरिनेछन् ।

१.६.६१ कुनै खोला/खहरेबाट सिंचाइको लागि पानी प्रयोग गर्दा त्यस्ता खोला/खहरेमा आवश्यक पर्ने न्यूनतम जलस्तर कायम हुने गरी पानी छोडेर बाँकी पानी मात्र सिंचाइको लागि उपयोग गरिनेछ ।

१.६.६२ वातावरणमा नकारात्मक असर नपर्ने गरी सिंचाइमा पानीको समुचित उपयोग गर्नुका साथै जलगुणसम्बन्धी अनुगमन, अध्ययन तथा अनुसन्धानात्मक कार्यहरु सञ्चालन गरिनेछन् ।

१.६.६३ सिंचाइ क्षेत्र भित्र नदी कटान, बाढी, पैन्हो आदिबाट हुन सक्ने क्षतिबाट सिंचाइ प्रणालीको सुरक्षाका लागि गरिने कार्यहरु आयोजनाको मर्मत संभार कार्यको लागतमा समावेश गरी गरिनेछन् । बदलिँदो प्राकृतिक र सामाजिक

परिस्थितिलाइ ध्यानमा राखी सिंचाइ आयोजनाको निर्माण, व्यवस्थापन, संरक्षण र उपयोग विधिमा व्यापक जनचेतना अभिवृद्धि गर्दै लगिनेछ ।

१.६.६४ सिंचाइ विकास कार्यक्रम संचालन गर्दा स्थानीय तहमा रहेका वातावरणमैत्री तालतलैया, पोखरी, सिमसार तथा मूल (Spring) हरुको संरक्षण तथा सम्वर्द्धनसम्बन्धी कार्य संबन्धित निकायसँग समन्वय गरी सञ्चालन गरिनेछन् ।

## *(ट) लैङ्गिक समानता तथा समावेशी विकास*

१.६.६५ सिंचाइ क्षेत्रमा बिद्यमान लैङ्गिक विभेदको अन्त्य गर्ने, लैंगिक समानता हासिल हुने तथा महिला सशक्तीकरणसम्बन्धी सामाजिक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१.६.६६ समाजमा पिछडिएका वर्ग समुदाय, समुह तथा क्षेत्रतर्फ परिलक्षित गरी त्यस्ता क्षेत्रहरुमा जलस्रोतको समुचित ब्यबस्थापन र सिंचाइ विकासमा बिशेष जोड दिइनेछ । जल उपभोक्ता समितिमा महिला एवं जनजातिको सहभागिता तोकिए बमोजिम हुनेगरी सुनिश्चित गरिनेछ ।

१.६.६७ आर्थिक तथा सामाजिक रुपले पिछडिएको क्षेत्रका समुदाय, दलित, उत्पीडित, महिला तथा सीमान्तकृत कृषक समुदायहरुलाई लक्षित गरी विशेष सहुलियतसहितका सिंचाइ कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

## *(ठ) गरीवी न्युनीकरण एवं महिला विकास*

१.६.६८ सिचाइ योजना तथा कार्यक्रम संचालन क्षेत्रमा गरिवी न्यूनिकरणमा थप मद्दत पु-याउने खालका एकीकृत वाली तथा जल ब्यवस्थापन, जीविकोपार्जन (Livelihood), लघुऋण (Micro Credit), व्यावसायिक सीप अभिबृद्धि जस्ता कार्यक्रमहरुलाइ प्राथमिकता दिइ कार्यान्वयन गरिनेछ ।

१.६.६९ महिला सशक्तिकरणका लागि सिंचाइसँग सम्बन्धित स्रोत-साधन, अवसर तथा सूचना माथि महिलाहरुको पहुँच बढाइनेछ ।

१.६.७० सिंचाइसँग सम्बन्धित तालिम कार्यक्रमहरुमा महिलाहरुको सीप तथा व्यावसायिक दक्षता अभिवृद्धि र वृत्ति विकासको लागि जोड दिइनेछ ।

## *(ड) प्रविधि विकास तथा प्राविधिक जनशक्ति व्यवस्थापन*

१.६.७१ उपलब्ध स्रोत, संरचना र प्रविधिको प्रभावकारी उपयोग गर्नुको साथै सीमान्त कृषि भूमिमा समेत सिंचाइ सुविधा विस्तारका लागि भूमिगत तथा सतह जलस्रोतको संयोजनात्मक उपयोग एवं फोहरा, थोपा सिंचाइ, ताल तलाउ तथा पोखरी जस्ता आधुनिक प्रणालीको विकास र विस्तार गरिनेछ ।

१.६.७२ देशमा विद्यमान सिंचाइ विकास, बिस्तार र व्यवस्थापनसम्बन्धी अनुभव र सीपलाई औपचारिक शिक्षा प्रणालीमा समावेश गर्न संवन्धित निकायसँग समन्वय गरिनेछ । साथै सरकारी, सामुदायिक तथा निजी क्षेत्रमा तालिम, अनुसन्धान र कार्यक्षमताको संस्थागत विकासमा सहयोग पुऱ्याइनेछ ।

१.६.७३ सबै किसिमका आयोजनामा नयाँ प्रविधिको विकास र क्षमता विकास (Capacity Building) समेतलाई विशेष महत्व दिई कार्यान्वयन गरिनेछ ।

१.६.७४ क्षेत्रीय सिंचाइ निर्देशनालयहरुमा सिंचाइसम्बन्धी सूचना प्रणालीको विकास गर्न आवश्यक साधन स्रोत तथा प्रविधि उपलब्ध गराइनेछ । क्षेत्रिय स्तरमा प्राप्त सूचना तथा तथ्यांकलाइ केन्द्रीयस्तरमा एकीकृत गरी विभिन्न उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने तथा आदान प्रदान गरिनेछ ।

१.६.७५ प्रत्येक आयोजनाको सम्भाव्यता अध्ययन अवस्थामा नै तालिम, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कनको आवश्यकता पहिचान गरी समुचित बजेट र जनशक्तिको व्यवस्था गरिनेछ ।

१.६.७६ नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको उपयोगमा व्यापकता ल्याउनको लागि प्रत्येक विकास क्षेत्रमा सम्बन्धित निकायसँग समन्वय गरी तालिम तथा प्रदर्शन केन्द्र (Training and Demonstration Centre) को स्थापना गरिनेछ ।

## *(ढ) अनुसन्धान तथा विकास*

१.६.७७ सिंचाइ विभागले नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाहरु र सिंचाइसँग सम्वद्ध अन्तराष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थाहरु तथा सिंचाई जल उपभोक्ता संस्था समेतको सहभागितामा सिंचाइसम्बन्धी आवश्यक अध्ययन तथा अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

१.६.७८ यसरी अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालन गर्दा सिंचाइ विभागमा कार्यरत दक्ष जनशक्तिको संलग्नतालाइ विशेष प्राथमिकता दिइनेछ ।

१.६.७९ प्रविधि हस्तान्तरण तथा आन्तरिक जनशक्ति विकासका पक्षलाई जोड दिई स्वदेशी परामर्शदाताको संलग्नतालाई बृद्धि गर्दै लगिनेछ ।

१.६.८० अध्ययन तथा अनुसन्धानमूलक कार्यक्रमबाट प्राप्त नतिजालाई हरेक वर्ष सिंचाइ मुखपत्र (Irrigation Journal) को रुपमा प्रकाशित गरिनुका साथै सिंचाइ विकासको प्रवर्द्धन गर्न सघाउ पुग्ने गरी व्यवहारिक उपयोगमा ल्याइने छ ।

## *(ण) समन्वय र सामन्जस्य*

१.६.८१ सिंचाइ संरचनाले चर्चेको क्षेत्रमा भएका रुखविरुवा तथा अन्य जायजेथा माथिको स्वामित्व, दायित्व र त्यसको उपयोगको जिम्मेवारी र जवाफदेही प्रचलित कानून बमोजिम हुनेछ । सिंचाइ प्रणालीहरुको नहर एवं कुलोको डिलमा बृक्षारोपणको सन्दर्भमा सम्वन्धित जल उपभोक्ता समितिले सम्बन्धित सिंचाई तथा बन कार्यालयको समन्वयमा काम गर्नेछ ।

१.६.८२ सिंचाइको दिगो विकासको निमित्त आवश्यक अनुसन्धान, अध्ययन तथा तालिमको काममा स्थानीय गैरसरकारी क्षेत्रको संलग्नता बढाउँदै जल उपभोक्ता संस्था तथा निजी क्षेत्रको संस्थागत विकासमा सहयोग पुऱ्याइनेछ ।

१.६.८३ राष्ट्रिय, क्षेत्रीय र जिल्लास्तरका सम्भाव्य सिंचाइ विकासको लागि विभिन्न नदीघाटीका जल बहाव क्षमताको तथ्याङ्कलाई जल तथा मौसम विज्ञान विभागसँगको समन्वय र सहकार्यमा अद्यावधिक गरिनेछ ।

१.६.८४ सिंचाइ विकास, बिस्तार र व्यवस्थापन कार्यक्रमलाई कृषि विकास कार्यक्रमसँग आवद्ध गर्न आयोजनाको पहिचान र छनौटको काम देखि कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका काममा समेत सिंचाइ विभाग, कृषि विभाग तथा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागका जिल्ला, क्षेत्रीय र केन्द्रिय कार्यालयहरुबीच निकटस्थ कार्यगत एकता र सामन्जस्य कायम राखिनेछ ।

१.६.८५ स्थानीय निकायबाट हेडवर्क्स तथा इन्टेक निर्माण गरिने तथा आधुनिक प्रविधिको उपयोग गरी निर्माण गरिने साना सिंचाइ आयोजनाका हकमा सम्बन्धित सिंचाइ कार्यालयहरुले आवश्यक प्राविधिक तथा प्रविधि विकाससम्बन्धी सहयोग उपलब्ध गराउनु पर्नेछ।

१.६.८६ प्रत्येक सिंचाइ कार्यालयले सक्रिय उपभोक्ता रहेको, वर्षैभरि सिंचाइ सेवा प्रदान गर्न सक्ने प्रणालीमा कृषि विभागबाट सञ्चालित Priority Package Program सँग आवद्ध भई सिंचाइ व्यवस्थापन गर्नेछ।

## *(त)* ***<u>प्रोत्साहन तथा सहुलियत</u>***

१.६.८७ भूमिगत जलस्रोत र लिफ्ट सिंचाइमा प्रयोग हुने विद्युतको महशूलमा नेपाल सरकारले व्यवस्था गरे बमोजिम विशेष सहुलियत उपलब्ध गराइनेछ।

१.६.८८ हरेक विकास क्षेत्र भित्रका सिंचाइका उत्कृष्ट संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन कार्यमा संलग्न उपभोक्ता संस्था एवं कर्मचारीलाइ प्रोत्साहन स्वरुप वार्षिक रुपमा कदरपत्रसहित पुरस्कृत गरिनेछ।

१.६.८९ नहर, कुलो तथा कुलेसो निर्माण एवं व्यवस्थापन गर्न उपभोक्ता संस्थाले सो कार्यका लागि प्रयोग गर्ने भारी उपकरण आयात गर्ने भए सो आयात गर्दा लाग्ने आयात शुल्क र दस्तुरमा सहुलियत दिने व्यवस्था गरिनेछ।

१.६.९० नयाँ प्रविधिमा आधारित सिंचाइ सामाग्रीहरुको सहज आपूर्ति र उत्पादनका लागि विशेष सहुलियत तथा प्रोत्साहन प्रदान गर्ने व्यवस्था गरिनेछ।

१.६.९१ सिंचाइका महत्वपूर्ण आयोजनाको छनौट गरी आयोजनामा काम गर्ने कर्मचारीमा कार्यसंस्कृतिको विकास गर्न उत्प्रेरणास्वरुप कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली (Performance-based Incentive System) लागू गरिनेछ।

## *(थ)* ***<u>अनुगमन तथा मूल्याङ्कन</u>***

१.६.९२ सिंचाइको दिगो र भरपर्दो सेवाको अनुगमन तथा मूल्याङ्कन गर्न राष्ट्रिय सिंचाइ जल उपभोक्ता महासंघको प्रतिनिधिसमेत समावेश भएको एक केन्द्रीय सिंचाइ अनुगमन समिति गठन गरिनेछ। क्षेत्रीय तथा स्थानीयस्तरमा सिंचाइसम्बन्धी कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्दा सोही स्तरका उपभोक्ता संस्थाका प्रतिनिधि तथा स्थानीय निकायलाई आवश्यकता अनुसार सहभागी गराइनेछ।

१.६.९३ सिंचाइ योजना तथा कार्यक्रम कार्यान्वयनका प्रत्येक तहमा आवश्यकतानुसार भौगोलिक र व्यवस्थापकीय सूचना प्रणाली (GMIS) अद्यावधिक गरी अनुगमन र मूल्याङ्कन (Monitoring and Evaluation) व्यवस्थाको संस्थागत पक्षलाई सुदृढ गर्ने कार्यलाई निरन्तरता दिइनेछ। यस अन्तरगत स्थानीय निकायको कार्यसम्पादनको अनुगमन तथा मूल्यांकनका लागि उपयोगमा ल्याइएको पद्धतिसमेतलाई आत्मसात गरिनेछ। यससम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि बिद्युतीय सूचना प्रणाली अनिवार्य रुपमा लागू गरिनेछ।

१.६.९४ आयोजना निर्माण तहमा गुणस्तर एवं प्रभावकारिता कायम गर्न मापदण्ड सहित केन्द्रिय तथा क्षेत्रीयस्तरमा अनुगमन एवं मूल्याङ्कन गरिनेछ।

१.६.९५ अनुगमन एवं मूल्याङ्कनबाट निर्दिष्ट गरिएका बिषयहरुलाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।

१.६.९६ सिंचाइ प्रणालीले पुऱ्याएको सेवाको अनुगमन गर्दा पानीको परिमाण, सिंचित क्षेत्रफल, वाली सघनता, उत्पादन तथा उत्पादकत्व वृद्धि, उपभोक्ता संस्थाको आर्थिक स्थिति र कार्यक्षेत्रमा भएका परिवर्तनलाई आधार मानिनेछ ।

१.६.९७ सिंचाइसम्बन्धी सम्पूर्ण जानकारी अद्यावधिक रुपमा सुव्यवस्थित गर्न सिंचाइ विभाग अन्तर्गत सिंचाइ प्रलेख तथा सूचना केन्द्र (Documentation and Information Centre) को स्थापना गरिनेछ र यस अन्तरगत डिजिटल पुस्तकालयको विकास गरिनेछ । यसका लागि सबै सिंचाइ कार्यालयहरुले मातहतका जिल्ला वा वेसिनहरुको सिंचाइसम्बन्धी विवरण (Water Use Status) वार्षिक रुपमा अद्यावधिक गर्नेछन् । यस कार्यलाई अनुगमन गरी सिंचाइ विभागले प्रत्येक वर्ष "नेपाल सिंचाइ स्थिति ( Irrigation Status of Nepal )" सार्वजनिक रुपमा प्रकाशित गर्नेछ ।

१.६.९८ यो नीतिलाई हरेक पाँच बर्षमा पुनरावलोकन गरिनेछ र समय समयमा आवश्यकतानुसार अध्यावधिक गर्दै लगिनेछ ।

## १.७ नीतिको कार्यान्वयन व्यवस्था

यस नीतिको नतिजामूलक कार्यान्वयनका लागि देहाय बमोजिमका उपाय अवलम्वन गरिने छः

१.७.१ यस नीतिको योजनावद्ध कार्यान्वयनका लागि विशिष्ठीकृत र विषयगत कार्ययोजना (Plan of Action) तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१.७.२ सिंचाइ सेवाको बिकास निर्माणको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाइ आधारभुत मार्गदर्शनका रुपमा लिइनेछ । यस अनुसार सिंचाइसम्बन्धी आयोजना तथा कार्यक्रमको निरन्तर कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बहुबर्षीय कार्यक्रम र बजेटको तर्जुमा गरी स्रोत व्यवस्थापन गरिनेछ ।

१.७.३ कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना तथा व्यवस्थापन पद्धतिमा सुधार गर्नका लागि संगठन तथा व्यवस्थापन अध्ययन गरी सो को प्रतिवेदन अनुसार सुदृढीकरण गरिनेछ ।

१.७.४ यस नीतिको कार्यान्वयन अनुगमन तथा मूल्यांकन एवं निर्णय पद्धतिलाई बैज्ञानिक, पारदर्शी र व्यवस्थित तुल्याउनका लागि सिंचाई व्यवस्थापन सूचना प्रणाली (Irrigation Management Information System) को विकास तथा सुधार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१.७.५ यस नीतिको प्रभावकारी कार्यान्वयनमा सम्वद्ध सबै पक्षबाट परिपालना सुनिश्चित हुने गरी बाधा अवरोधको व्यवस्थापन, सम्वाद र समस्या समाधानको विधि अवलम्वन गरिनेछ ।

१.७.६ नीतिको कार्यान्वयनमा गुणात्मकता सुनिश्चित गर्न सिंचाइ विभागमा सम्बन्धित विज्ञहरु सम्मिलित गुणात्मक परिधि (Quality Circle) खडा गरी परिचालन गरिनेछ ।

१.७.७ कार्यान्वयनमा सार्वजनिक जवाफदेहिता र नागरिक उन्मुखता अभिवृद्धि गर्न नागरिकप्रति उत्तरदायी र सक्षम सेवा प्रवाह गर्ने तथा विकासात्मक अनुपोषण (Developmental Feedback) प्रणालीलाई सुदृढ तुल्याइनेछ र गुनासो व्यवस्थापन प्रणालीमा आवश्यक सुधार गरिनेछ ।

१.७.८ नीतिको प्रभावकारी तथा समन्वयात्मक कार्यान्वयनका लागि राष्ट्रियस्तरको निर्देशक समिति गठन गरिनेछ ।

१.७.९ केन्द्रीय तथा क्षेत्रीयस्तरमा गरिने कार्यान्वयन समीक्षा गोष्ठी तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा यस नीतिको कार्यान्वयनको अनुगमन तथा समीक्षा गरिनेछ ।

## १.८ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा,

(क) "आयोजना" भन्नाले निश्चित समयावधिभित्र सम्पन्न हुने, निर्दिष्ट लक्ष्य र उद्देश्य भएको प्रस्तावित वा निर्माणाधिन सिंचाइसम्बन्धी योजना, आयोजना, परियोजना र सोसम्बन्धी विशेष संगठनात्मक व्यवस्थालाई सम्झनु पर्छ ।

(ख) "प्रणाली" भन्नाले सिंचाइ प्रयोजनका लागि बनेको संरचना र सिंचाइ क्षेत्रसहितको सम्पूर्ण एकाइलाई सम्झनुपर्छ र यस शब्दले निर्माण पूरा भई संचालनमा रहेको सिंचाइ प्रणालीसमेतलाई जनाउँछ ।

(ग) "मूलनहर" भन्नाले मुहानबाट निस्कने नहरलाई सम्झनु पर्छ ।

(घ) "शाखा नहर" (Branch or SecondaryCanal) भन्नाले मूलनहरबाट निस्कने नहरलाई सम्झनु पर्छ ।

(ङ) "उपशाखा नहर" (Distributary or Sub-secondary Canal) भन्नाले मूल वा शाखा नहरबाट निस्कने र १००-५०० हेक्टरसम्म सिंचाइ क्षेत्र भएको नहरलाई सम्झनु पर्छ ।

(च) "प्रशाखा नहर (Minor or Tertiary Canal)" भन्नाले मूल वा शाखा वा उपशाखा कुनै नहरबाट निस्कने र ३० हेक्टर भन्दा माथि १०० हेक्टरसम्म सिंचाइ क्षेत्र भएको नहरलाई सम्झनु पर्छ ।

(छ) "कुलो" (Watercourse) भन्नाले मूल वा शाखा वा उपशाखा वा प्रशाखा कुनै नहरबाट निस्कने र ४ हेक्टर भन्दा माथि ३० हेक्टरसम्म सिंचाइ क्षेत्र भएको कुलोलाई सम्झनु पर्छ ।

(ज) "कुलेसो" (Field Channel) भन्नाले मूल वा शाखा वा उपशाखा वा प्रशाखा नहरहरु वा कुनै कुलोबाट निस्कने र ४ हेक्टर भित्रका प्रत्येक खेतमा पानी पुर्‍याउने कुलेसोलाई सम्झनु पर्छ ।

(झ) "बृहत आयोजना/प्रणाली" भन्नाले पहाडी भेगको हकमा १००० हेक्टर भन्दा बढी र तराई/मधेस तथा भित्री मधेसको हकमा ५००० हेक्टर भन्दा बढी सिंचाइ क्षेत्र भएको आयोजना/प्रणाली सम्झनु पर्छ ।

(ञ) "ठूला आयोजना/प्रणाली" भन्नाले पहाडी भेगको हकमा ५०० देखि १००० हेक्टरसम्म र तराई/मधेस तथा भित्री मधेसको हकमा २००० देखि ५००० हेक्टरसम्म सिंचाइ क्षेत्र भएको आयोजना/प्रणाली सम्झनु पर्छ ।

(ट) "मझौला आयोजना/प्रणाली" भन्नाले पहाडी क्षेत्रको हकमा २५ देखि ५०० हेक्टरसम्म र तराई तथा भित्री मधेशको हकमा २०० देखि २००० हेक्टरसम्म सिंचाइ क्षेत्र भएको सिंचाइ आयोजना/प्रणाली सम्झनु पर्छ ।

(ठ) "साना आयोजना/प्रणाली" भन्नाले पहाडी क्षेत्रको हकमा २५ हेक्टर भन्दा कम र तराई तथा भित्री मधेसको हकमा २०० हेक्टर भन्दा कम सिंचाइ क्षेत्र भएको आयोजना/प्रणाली सम्झनु पर्छ ।

(ड) “परम्परागत सिंचाइ प्रणाली” भन्नाले किसानद्वारा निर्मित एवं सञ्चालित प्रणालीका साथै नदी, खोला तथा पानीका स्रोतमा बाँध बनाई कुलो/नहरद्वारा सिंचाइ गर्ने, ट्यूववेलको माध्यमद्वारा भूमिगत पानी प्रयोग गरी सिंचाइ गर्ने प्रणालीलाई सम्झनु पर्छ।

(ढ) “नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणाली” भन्नाले सिंचाइको प्रयोजनार्थ पानी संकलन, प्रवाहीकरण (Conveyance), भण्डारण, वितरण तथा प्रयोग मध्ये एक, केही वा सबै कार्यमा परम्परागत भन्दा पृथक प्रविधि प्रयोग हुने सिंचाइ प्रणालीलाई संझनु पर्दछ।

(ण) “लिफ्ट सिंचाइ प्रणाली” भन्नाले सिंचाइ गर्नुपर्ने क्षेत्र भन्दा कम उँचाइमा रहेको पानीको स्रोतबाट बिद्युतीय वा अन्य उर्जाको उपयोग गरी सिंचाइ गर्नुपर्ने कृषि भूमिमा पानी पुऱ्याउने योजनालाई संझनु पर्दछ।

(त) “भूमिगत जल सिंचाई प्रणाली” भन्नाले डीप ट्यूववेल, स्यालो ट्यूववेल, इनार आदि बनाई जमिन मुनिको पानी तानेर सिंचाइमा प्रयोग गरिने प्रणालीलाई सम्झनु पर्दछ।

(थ) “उपभोक्ताद्वारा संचालित प्रणाली” भन्नाले सरकारी वा गैरसरकारी संस्थाद्वारा निर्माण भई पूर्णरुपमा उपभोक्ता संस्थाद्वारा संचालित सिंचाइ प्रणाली सम्झनु पर्छ।

(द) “उपभोक्ता संस्था” भन्नाले प्रणाली निर्माण तथा संचालन गर्ने उद्देश्यले गठन भई प्रचलित कानून बमोजिम दर्ता भइ नवीकरण भएका जल उपभोक्ता संस्था सम्झनु पर्छ र यस शब्दले त्यस्ता उपभोक्ता संस्थाको सबै तह समेतलाई जनाउँछ।

(ध) “संचालक” भन्नाले आयोजना/प्रणालीसम्बन्धी निर्माण र व्यवस्थापनका लागि कानूनी रुपले जिम्मेवार व्यक्ति वा समूह सम्झनु पर्छ।

(न) सिंचाइ प्रणालीको “सुदृढीकरण” भन्नाले सिंचाइ प्रणालीहरुको सुधार, पुनर्स्थापना, आधुनिकीकरण, बिस्तार जस्ता कार्यकमहरुलाई सम्झनु पर्छ।

(प) “मर्मत संभार” भन्नाले सिंचाइ प्रणालीहरुको नियमित  र आकस्मिक मर्मत संभार गर्ने कार्य सम्झनु पर्छ।

<u>अनुसूची-१</u>

<u>उपभोक्ताले व्यहोर्नु पर्ने अंशको तालिका</u>

तालिका नं १

| सिंचाइ योजना/प्रणालीको किसिम | मुहानको काममा लागतको प्रतिशत | मूलनहरको काममा लागतको प्रतिशत | शाखा/उपशाखा/प्रशाखा नहरको लागतको प्रतिशत | कुलोमा लागतको प्रतिशत |
|---|---|---|---|---|
| (क) **नयाँ निर्माण** | | | | |
| ठूला/ बृहत/बहुउद्देश्यीय सि.आयोजना | ० | ० | ० | ३ |
| मझौला सि. आयोजना | ० | ० | ३ | ५ |
| साना सि. आयोजना | ५ | | | |
| (ख) **सुदृढीकरण** | | | | |
| ठूला/ बृहत/बहुउद्देश्यीय सि.आयोजना | ० | ० | ३ | ५ |
| मझौला सि. आयोजना | ० | ० | ५ | ७ |
| साना सि. आयोजना | ७ | | | |
| मर्मत संभार (AMIS, FMIS) | १० | | | |

तालिका नं २

| नयाँ प्रविधि (नयां निर्माण) | मुहानको काममा लागतको प्रतिशत | मूल प्रवाहक/स्टोरेज टेंक/मेन पाइपको काममा लागतको प्रतिशत | वितरण प्रणाली/ स्प्रीङ्कलर/ ड्रीप पाइपको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| नयां प्रविधिमा आधारित सि. प्र. तथा माइको इरिगेशन | ० | ५ | २५ |

**तालिका नं ३.१**

| भूमिगत सिंचाइ | ट्युववेल, पम्प र पम्प हाउसको काममा लागतको प्रतिशत | वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| **(क) नयाँ निर्माण** | | | |
| डीप ट्युववेल | ३ | ५ | ० |
| **(ख) सुदृढीकरण** | | | |
| डीप ट्युववेल सुदृढीकरण/ आवधिक मर्मत | ५ | २० | ० |

**तालिका नं ३.२**

| भूमिगत सिंचाइ | ट्युववेल जडान | पम्प तथा वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| **नयाँ निर्माण** | | | |
| स्यालो ट्युववेल | ० | ५० | ० |

**तालिका नं ४**

| लिफ्ट सिंचाइ / बैकल्पिक उर्जा सिंचाइ | सम्पवेल र पम्प हाउस को काममा लागतको प्रतिशत | मूलनहर/मेनपाइप/ स्टोरेज टैंक | वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|---|
| **(क) नयां निर्माण** | | | | |
| साना तथा मझौला | ० | ५ | १० | ० |
| ठूला तथा वृहत | ० | ० | १० | ० |
| **(ख) सुदृढीकरण** | | | | |
| ठूला तथा वृहत प्रणालीहरुको सुदृढीकरण/ आवधिक मर्मत संभार | ० | ५ | १५ | ० |

**द्रष्टब्य:**

१. भूमिगत सिचाइतर्फ स्यालो तथा डीप ट्युववेलको विद्युत महशूल र संचालनको खर्च सम्वन्धित जल उपभोक्ता संस्थाले ब्यहोर्नु पर्नेछ ।
२. खडेरी, बाढी, पहिरो, अनिकाल जस्ता अप्रत्यासित प्राकृतिक प्रकोपहरुको प्रभाव कम गर्न त्यस्ता क्षेत्रहरुमा सरकारले तत्काल सिचाइका विशेष कार्यक्रम संचालन गर्नेछ ।
३. डीप ट्युववेल निर्माणका लागि आवश्यक जग्गा संबन्धित जल उपभोक्ता संस्थाले नै उपलब्ध गराउनु पर्नेछ ।